**"कार्यालय कार्यविधि तथा व्यवस्थापन" विषयक (३० कार्य दिन)**

**सेवाकालिन तालिम**

पुर्वीचौकी गाउँपालिकाको विपद् व्यवस्थापन पुर्व तयारीको अवस्था सम्बन्धी

# सामुहिक स्थलगत अनुसन्धानमुलक प्रतिवेदन




**<u>पेश गरेको निकाय :</u>**

**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटी**

**<u>प्रस्तुतकर्ता</u>**:

मोहन सिंह भाट सि.अ.हे.व. छैटौँ मेलौली न.पा. बैतडी

सुरेश बहादुर पाल अधिकृत छैटौँ इन्जिनियर बडीकेदार गा.पा. डोटी

जानकी कुंवर अधिकृत छैटौँ इन्जिनियर लम्कीचुहा न.पा. कैलाली

खेमराज अवस्थी प्रशासन अधिकृत छैटौँ अमरगढी न.पा. डडेल्धुरा

राजु खड्का सि.अ.न.मी. छैटौँ पुर्वीचौकी गा.पा. डोटी

देबी बहादुर बुढा सि.अ.हे.व. छैटौँ मेल्लेख गा.पा. अछाम

**कार्यकारी सारांश (**Executive Summary):

यस अनुसन्धानमूलक प्रतिवेदनको उद्देश्य पूर्वी चौकी गाउँपालिकाको विपद् व्यवस्थापन, विशेष गरी विपद् पूर्व तयारी (**Disaster Preparedness)** को अवस्था, क्षमता, चुनौतीहरू र अवसरहरूको व्यवस्थित मूल्याङ्कन गर्नु हो। प्राथमिक तथ्याङ्क सङ्कलन (स्थानीय निवासी, जनप्रतिनिधि, कर्मचारीहरूसँग र अन्तर्वार्ताबाट) तथा तथ्याङ्क विश्लेषण (योजना, रिपोर्टहरू) र भौगोलिक प्रणाली (**GIS)** डाटा विश्लेषणबाट प्राप्त नतिजाहरूले गाउँपालिकामा विपद् प्रति सचेतनाको स्तर उच्च छ तथापि संस्थागत क्षमता, अत्याधुनिक उपकरण, निधि र समन्वयमा महत्वपूर्ण कमी रहेको देखाउँछ। मुख्य चुनौतीहरूमा अपर्याप्त बजेट, तालिम प्राप्त मानव शक्तिको अभाव, समुदाय-आधारित प्रणालीको कमजोर कार्यान्वयन, र दिगो जोखिम न्यूनीकरणका उपायहरूको अभाव पर्छन्। यस प्रतिवेदनले स्पष्ट कार्ययोजना, क्षमता निर्माण, सामुदायिक सहभागिता बढाउने, प्राविधिक साधन सुदृढीकरण, र सामग्री भण्डारण व्यवस्थापनलाई प्राथमिकताका सुझावहरू प्रस्तुत गर्दछ। यो प्रतिवेदन गाउँपालिकालाई विपद् पुर्व तयारी गर्न सहयोग पुर्याउने उद्देश्य राख्दछ।

## विषयसुची


१. अध्ययनको पृष्ठभूमि ....... 1

२. अध्ययनको क्षेत्र : ....... 1

३. अध्ययनको उद्देश्यः ....... 2

४. अध्ययन विधि ....... 2

५. पूर्वीचौकी गाउँपालिकाको विपद् जोखिमको सन्दर्भ र विश्लेषण ....... 3

६. जोखिम मूल्याङ्कन: सम्भावना र प्रभाव **(Risk Matrix)** ....... 4

७. भेदभाबमा परेका समूह र उनीहरूको जोखिम ....... 4

८. हालसम्म भएका ठूला विपद् घटनाहरूको संक्षिप्त विवरण ....... 5

९. विपद् पूर्व तयारीको वर्तमान अवस्थाको **SWOT** विश्लेषण: ....... 5

१०. **SWOT** विश्लेषणको आधारमा कार्ययोजना ....... 7

१०. सुझाव र सिफारिसहरू ....... 8

११. निष्कर्ष ....... 8

१२. स्वीकृति **(Acknowledgements)** ....... 9

१३. अनुसुचिहरु ....... 10

अनुसुचि१ अनुसन्धानमा प्रयोग गरिएको प्रश्नावली **(Questionnaire)** ....... 10

अनुसुची २ अन्तर्वार्ताको सारांश **(Interview Transcripts)** ....... 15

अनुसुची ३ तथ्याङ्क – योजना,निति तथा कार्यक्रम तथा बजेट ....... 16

अनुसुची ४ जोखिम नक्सा **(Draft Hazard Map)** ....... 18

अनुसुची ५ सहभागीहरुको विवरण ....... 19

अनुसुची ६ सन्दर्भ सामग्री **(References)** ....... 19

अनुसुची ७ फोटोहरु ....... 20

## १. अध्ययनको पृष्ठभूमि

सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीले मिति २०८२\१०\२० गतेको पत्रानुसार सेवाकालिन प्रशिक्षणमा सहभागीहरुलाई अनुसन्धानमूलक उद्देश्यले विपद् व्यवस्थापन पूर्व तयारी को अवस्था अध्ययनको लागि पूर्वी चौकी गाउँपालिकामा खटाएको थियो । उक्त पत्रमा उल्लेख भए अनुसार पूर्वी चौकी गाउँपालिकाको विपद् व्यवस्थापन, विशेष गरी विपद् पूर्व तयारी (**Disaster Preparedness**) को अवस्था, क्षमता, चुनौतीहरू र अवसरहरूको व्यवस्थित मूल्याङ्कन गर्नु हो।

## २. अध्ययनको क्षेत्र :

नेपालको सुदुरपश्चिम प्रदेश अन्तरगत पूर्वीचौकी गाउँपालिका डोटी जिल्लाको पुर्व तर्फ रहेको छ। जिल्लाको पुर्व तर्फ रहेको हुदा यसको नाम पूर्वीचौकी रहन गएको हो । यस पूर्वीचौकी गाउँपालिकाको स्थापना नेपाल सरकारको मन्त्रीपरिषदको निर्णय अनुरुप वि स २०७३ गते भएको थियो साल चैत ०१ । यस गाउँपालिकाको मूख्य कार्यालय वडा नं ४ सानागाउमा रहेको छ ।यस पालिकाको पूर्वमा अछाम जिल्लाको चौरपाटी गाउँपालिका, पश्चिममा दिपायल सिलगढी नगरपालिका, उत्तरमा सायल गाउँपालिका लगायत खप्तड राष्ट्रिय निकुञ्ज, दक्षिणमा सेती नदि र बोगटान फुडसिल गाउँपालिका रहेका छन्। वि. सं. २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको महिला१२,२५६ र पुरुष ९,२३८ गरि जम्मा २१,४९४ रहेको छ। स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा दशैं, तिहार, होली, गौरा, औल्के, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि गरि विभिन्न चाड पर्व मनाउने गरिन्छ। यस गाउँपालीका लाइ सुन्दर खप्तड राष्ट्रिय निकुन्जले छोएको छ। यस क्षेत्रबाट बग्ने प्रमुख नदी सेती र अन्य साना नदीहरूले यसलाई बाढीको उच्च जोखिममा राखेको छ। यस पालिकाको भूउपयोग मुख्यतया कृषि योग्य जमिन, वन क्षेत्र, बसोबास गरी विभाजित छ। भूबनोट र जलवायु परिवर्तनको आधारमा यो गाउँपालिका प्रमुख रूपमा **बाढी र डुबान, पहिरो, भूकम्प, आगलागी, महामारी, खडेरी** जस्ता विपद्हरूको जोखिममा छ।



## ३. अध्ययनको उद्देश्यः

यस अनुसन्धानमूलक प्रतिवेदनको मुख्य उद्देश्य पूर्वी चौकी गाउँपालिकाको विपद् पूर्व तयारीको वर्तमान अवस्थाको व्यवस्थित मूल्याङ्कन गरी, क्षमता, कमजोरीहरू र सुधारका क्षेत्रहरू पहिचान गर्नु हो। यस व्यापक उद्देश्यलाई निम्न विशिष्ट उद्देश्यहरूद्वारा प्राप्त गरिनेछ:

- नीति र संस्थागत क्षमताको मूल्याङ्कन गर्नु
- मानवीय पूंजी र क्षमताको विश्लेषणको अवस्था जानकारिको लागि
- भौतिक पूर्वाधार र सामग्रीको सङ्कलनको वास्तविक अवस्था थाहा पाउनु
- सूचना प्रवाह र तिनको पहुँच
- सामुदायिक सहभागिता र जनचेतनाको अवस्था
- प्रमुख चुनौतीहरू र सुधारका क्षेत्रहरू पहिचान गर्ने

## ४. अध्ययन विधि

यस अनुसन्धानमूलक प्रतिवेदन तयार पार्न विविध अनुसन्धान विधिहरूको प्रयोग गरिएको छ, ताकि पूर्वी चौकी गाउँपालिकाको विपद् पूर्व तयारीको बहुआयामिक तस्बिर प्राप्त गर्न सकियोस् । अध्ययन विधिहरू निम्नानुसार रहेका छन्:

1. **स्थलगत अवलोकन:** आपतकालीन आश्रय स्थल, सामग्री भण्डारण केन्द्र, संचार उपकरणको स्थलगत अवलोकन गरिएको ।
2. **तथ्याङ्क सङ्कलन:** वास्तविक क्षेत्रबाट सीधै सङ्कलन गरिएको तथ्याङ्क ।
3. **गहन अन्तर्वार्ता (In-depth Interviews):** गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विपद् व्यवस्थापन फोकल पर्सन, स्थानीय स्वास्थ्य कर्मचारी संग अन्तर्वार्ता लिइएको ।
4. **प्रश्नोत्तर तथा सोधपुछ :** गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकारी, विपद् व्यवस्थापन सम्पर्क ब्यक्तिहरु संग खुल्ला र बस्तुगत पश्नहरु बाट आवश्यक तथ्याङ्क संकलन गरियो ।
5. कार्यालयको बस्तुगत नागरिक वडा पत्र उपलब्ध नीति, नियम, कार्यविधिहरुको अध्ययन
6. भेटघाट
7. समुहगत छलफल

## ५. पूर्वीचौकी गाउँपालिकाको विपद् जोखिमको सन्दर्भ र विश्लेषण

1 **पहिरो (Landslide):** यो गाउँपालिकाको प्रमुख विपद् हो। भिरालो भू-भाग र कमजोर भू-बनोटका कारण वर्षायाममा वडा नं. २, ५ र ६ मा पहिरोको उच्च जोखिम रहन्छ।

2 **भूकम्प (Earthquake):** डोटी जिल्ला भूकम्पीय दृष्टिकोणले संवेदनशील क्षेत्र (Seismic Zone) मा पर्दछ। साना र मझौला भूकम्पका धक्काहरू यहाँ बारम्बार महसुस हुने गरेका छन्। २०७९ सालमा डोटीको खप्तड राष्ट्रिय निकुन्ज केन्द्रबिन्दु भएर आएको भूकम्पले पूर्वी चौकी गाउँपालिकालाई गम्भीर मानवीय र भौतिक क्षति पुर्यायो ।

3 **आगलागी (Fire/Forest Fire):** हिउँदको समयमा वनजङ्गलमा लाग्ने डढेलो र परम्परागत शैलीका खरका छाना भएका घरहरूमा आगलागीको जोखिम उच्च रहन्छ।

4 **महामारी (Epidemic):** खानेपानीको असुरक्षित स्रोत र सरसफाइको कमीले गर्दा हैजा, झाडापखाला जस्ता पानीजन्य रोगहरू र भाइरल ज्वरोको महामारी फैलिने सम्भावना रहन्छ।


5 **खडेरी (Drought):** जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा खेतीयोग्य जमिनमा सिँचाइको अभाव र खानेपानीका मुहान सुक्ने समस्या (खडेरी) बढ्दो छ।

6 **प्राकृतिक विपद् (Natural Disaster):** प्राकृतक विपद चट्याङ, असिना, हुरिवतास जस्ता विपद्ले समेत गाउँपालिकामा उच्च जोखिम रहेको छ ।

7 **सडक दुर्घटना (Road Accident):** असावधानीपूर्ण ड्राइभिङ्ग, अत्यधिक गति – गतिसीमा उल्लंघन, मद्यपान गरी गाडी चलाउने, सडकको खराब अवस्था – ढलान, गड्ढा, ले संकरा सडक, गाडीको खराब स्थिति, यातायात नियम उल्लंघन, पैदल यात्री र मोटरसाइकल चालकहरूको लापरवाहीले गर्दा दुर्घटना बढ्दो छ।

8 **वन्यजन्तु आतङ्क**: यहाँका बासिन्दाहरूमाथि रातो बाँदर, बदेल, चितुवा वन्यजन्तु आतङ्कको गम्भीर प्रभाव परेको छ ।

पुर्वी गाउँपालिका को विपद पुर्व तयारी को वर्तमान अवस्था



जोखिम मूल्याङ्कन)  सम्भावना र प्रभाव :**Risk Matrix)**

यो अवलोकन, स्थानीय जानकारी र गाउँपालिकाको तथ्याङ्कको विश्लेषणमा आधारित छ।


| विपद्को प्रकार | सम्भावना (**Probability)** | प्रभाव (**Impact)** | समग्र जोखिम स्तर (**Risk Level)** | कैफियत |
|---|---|---|---|---|
| **बाढी र डुबान** | **उच्च** (वार्षिक) | **उच्च** (ज्यान, जमिनी, कृषि) | **उच्च** | सबैभन्दा प्राथमिक जोखिम |
| **पहिरो** | **मध्यम** (मनसुनम) | **उच्च** (स्थानीय क्षति) | **उच्च** | विशिष्ट भौगोलिक क्षेत्रसम्म सीमित |
| **भूकम्प** | **निम्न** (तर विनाशकारी) | **अत्यन्त उच्च** | **उच्च** | तयारीको अभावमा प्रभाव उच्च हुने |
| **आगलागी** | **मध्यम** | **मध्यम** (स्थानी) | **मध्यम** | सघन बस्तीमा प्रभाव बढ्न सक्छ |

## ६. भेदभाबमा परेका समूह  र उनीहरूको जोखिम

- **बालबालिका:** बाढीको पानीमा डुब्ने, ठाउँ सार्न असमर्थ, संक्रामक रोगप्रति सजिलै संक्रमित हुने, र मानसिक आघात बढी लाग्ने।
- **महिलाहरू:** घरभित्र रहने, सूचनामा कम पहुँच, आपतकालीन अवस्थामा छोराछोरीको हेरचाह गर्नुपर्ने, र स्वास्थ्य सम्बन्धी विशेष आवश्यकता भएको हुनाले उनीहरूको जोखिम बढी छ।
- **अशक्त (अपाङ्ग):** शारीरिक वा संज्ञानात्मक अवरोधका कारण चेतावनीबाट बच्न, आफैँ सर्न, वा आवश्यक सेवा प्राप्त गर्न असक्षम हुन सक्छन्। उनीहरूको लागि विशेष उपाय (जस्तै सहायक व्यक्ति, पहुँचयोग्य आश्रय) नभएमा ज्यान जोखिममा पर्छ।
- **वृद्धजन:** शारीरिक क्षमता कम, चल्नफिर्न कठिनाइ, र अस्वस्थताको कारण विपद्को प्रभाव बढी झेल्नुपर्छ। तिनीहरू प्रायः एक्लो र सूचनाबाट टाढा हुन सक्छन्।
- **गरिबी रेखामुनिका परिवार:** कच्चा र असुरक्षित घरमा बसोबास, जोखिम प्रवण क्षेत्रमा बस्न बाध्य र आर्थिक साधनको अभावले उनीहरूको जोखिम बढी छ।

## ७. हालसम्म भएका ठूला विपद् घटनाहरूको संक्षिप्त विवरण

- **२०७९ सालमा डोटीको खप्तड राष्ट्रिय निकुञ्ज केन्द्रबिन्दु भएर आएको भूकम्पले पूर्वी चौकी गाउँपालिकालाई गम्भीर मानवीय र भौतिक क्षति पुर्यायो ।**
- **वडा नं.३ को ठाडा गाउँका ६ जनाको मृत्यु कैयौ घाइते ,**
- वि.सं. २०७२ को भूकम्पले **सीधा ठूलो क्षति नगरे पनि, स्थानीय भवनहरूको कमजोर संरचनालाई उजागर गर्यो ।**


पुर्वीचौकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
[illegible] डोटी
आ.व. २०७९/८०
भुकम्प प्रभावितहरुको तथ्याङ्क
वडा गत विवरण

| वडा नं. | पुर्ण क्षति भएका घर संख्या | बस्ने नमिल्ने चर्केका घर संख्या | चर्केको विधालय तर बस्न नमिल्ने | जम्मा घर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | ९१ | २ | ९३ | |
| २ | ४ | १७५ | २ | १८१ | |
| ३ | २६ | ३५० | ४ | ३८० | सामुदायिक स्वास्थ्य इकाई |
| ४ | २० | ४४५ | ४ | ४६९ | |
| ५ | ८ | ५२३ | ५ | ५३६ | १ वडा कार्यालयको भवन |
| ६ | २६ | २०१ | २ | २२९ | |
| ७ | १० | १०१ | ३ | ११४ | |
| जम्मा | ९४ | १८८६ | २२ | २००२ | |

पितानाथ लुइटेल
प्रमुख प्रशासकीय अधिकृत

## ८. विपद् पूर्व तयारीको वर्तमान अवस्थाको SWOT विश्लेषण:

Strength **(बलियो पक्ष)**

**1 नीतिगत र संस्थागत ढाँचा:**

- विपद् व्यवस्थापन समितिको गठन
- पुर्विचौकी गाउपलिका बिपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७९
- विपद् व्यवस्थापन कोष खडा
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय

**2 मानवशक्ति र क्षमता**

- गा.पा. मा विपद् फोकल पर्सन १ जना र विपद् सहजकर्ता १ जना
- तालिम प्राप्त स्वयंसेवक (प्रतेक वडामा २५ जनाका दरले १५० जना विपद् सुचक)

- सामुदायिक स्तरमा जनचेतना र तालिम

**3 भौतिक पूर्वाधार र सामग्री**

- प्राथमिक उपचार सामग्री, बचाउ उपकरण (राहत उद्दार सामग्री) को भण्डारण
- सामुदाय स्तरमा आपतकालिन विपद् केन्द्र निर्माण एवम् समितिको कार्यालयहरुको स्थापना

**4 सूचना प्रवाह र प्रविधि**

- आपतकालीन संचार प्रणाली (रेडियो, सामाजिक सञ्जाल फेसबुक, साइरन)
- जोखिम नक्सा (Hazard Map)
- समुदायमा चेतावनी संकेत (Warning Signs)

**5 सामुदायिक सहभागिता**

- समुदाय-आधारित विपद् व्यवस्थापन ( वडा स्तरीय समिति, टोलहरुमा स्वयंसेवक परिचालन टोली)
- स्वास्थ्य संस्थामा Rapid Response Team गठन भएको।

## Weakness (**कमजोरी**)

- संस्थागत क्षमता र समन्वयमा कमी
- विपद् व्यवस्थापनको लागि समर्पित र अप्रर्याप्त बजेट
- तालिम प्राप्त र दक्ष मानव शक्तिको अभाव
- प्राविधिक उपकरण र आधुनिक प्रविधिको कमी
- आपतकालीन सामग्री भण्डारणको उचित व्यवस्थापनको कमी
- दिगो जोखिम न्यूनीकरण (Structural & Non-structural Measures) लगायतका उपायहरूको अभाव
- समावेशिताको आवश्यकतालाई समेट्ने योजनाको कमी

## Opportunity (**अवसर**)

- बिपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन, २०७९, आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन कार्यविधि, आपतकालिन बालकोष सञ्चालन कार्यविधि, गाउँपालिकाको विपद् पश्चात राहत, पुनर्लाभ तथा पुनःस्थापना सहायता कर्यविधि, राहत वितरण सम्बन्धी मापदण्ड, विपद् व्यवस्थापन (सञ्चालन) कार्यविधि, विपद् कोष सञ्चालन तथा व्यवस्थापन नियमावली, एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि निर्माण
- ३ वटा वडामा आपतकालीन सामग्री भण्डारण केन्द्र स्थापना भएको
- स्वयंसेवक र विपद् व्यवस्थापन समिति गठन भएको
- प्रतेक वडाहरुमा २५ जनाको दरले विपद् सूचकहरु रहेका
- विपद् व्यवस्थापन कोष (Disaster Management Fund) स्थापना
- नेपाल रेडक्रस सोसाइटी( पश्चिम विपद् पुर्वतयारी परियोजनाबाट प्राप्त साधन स्रोतहरु
- स्वास्थ्य संस्थामा Rapid Response Team गठन र संचालनमा
- एम्बुलेन्स, नगर बस र एक्साभेटर सञ्चालनमा रहेको

## Threat (**जोखिम/खतरा**)

- भौगोलिक विकटता, छरिएको बस्ती, कमजोर प्रकृतिका घर
- संस्थागत क्षमता र समन्वयको अभाव (विपद् व्यवस्थापन समितिको नियमित बैठक, कार्यनिर्वाह, र वार्डस्तरीय समितिको कमजोर)
- वित्तीय स्रोत (प्रर्याप्त बजेट को अभाव)
- मानव शक्ति र क्षमता (तालिम, संगठन र प्रोत्साहन को अभाव )
- भौतिक पूर्वाधार र सामग्री (अप्रर्याप्त र अद्यावधिक बचाव उपकरण, प्रर्याप्त आपतकालीन सामग्री भण्डारण केन्द्र को अभाव(सूचना, संचार र प्रविधि (आधुनिक पूर्वचेतावनी प्रणाली को अभाव)
- दिगो जोखिम न्यूनीकरण (गाउँपालिका विकास योजना र भु- उपयोग नीति मा विपद् जोखिम लाई प्राथमिकता दिइएको छैन, भवन संहिता मापदण्ड लागु नभएको)
- सामुदायिक सहभागिता र समावेशीकरण (महिला, अपाङ्ग, वृद्ध )को लागि विशेष आवश्यकता अनुसार योजना को अभाव

## १०. SWOT विश्लेषणको आधारमा कार्ययोजना

पूर्वी चौकी गाउँपालिकामा विपद् पूर्व तयारीको अध्ययनबाट भएको सीकाइलाई कार्ययोजना

| क्र.स. | कार्य विवरण/ कृयाकलापहरु | समय अवधि | मुख्य जिम्मेवारी व्यक्ति/ संस्था | सहयोगी पदाधिकारीहरु | कैफियत |
|---|---|---|---|---|---|
| १. | संस्थागत क्षमता र समन्वय | २०८२/०८३ | *कार्यालय प्रमुख/ शाखा प्रमुख* | *वडा सचिव, प्राविधिक कर्मचारी, सूचना अधिकारि* | |
| २. | विपद् व्यवस्थापनको लागि बजेट | २०८३/०८४ | *गा. पा. अध्यक्ष, प्र. प्र. अ* | *जनप्रतिनिधि,लेखा प्रमुख, योजना शाखा प्रमुख, प्राबिधिक प्रमुख* | |
| ३. | प्राविधिक उपकरण खरिद र आधुनिक प्रविधिमा जोड | २०८३/०८४ | *कार्यालय प्रमुख/ शाखा प्रमुख* | *जनप्रतिनिधि, शाखा प्रमुख, सहकर्मी कर्मचारी* | |
| ४. | *भण्डारण व्यवस्थापन* | *आगामी ३ महिना भित्र* | फोकल पर्सन | *जिन्सि शाखा* | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | *नियमावली तथा कार्यविधि अध्यावधिक* | *आगामी ५ महिना भित्र* | *गा. पा. अध्यक्ष, प्र. प्र. अ* | *जनप्रतिनिधि, प्रशासन शाखा* | |
| | भूकम्परोधी निर्माण अनिवार्य | *२०८३/०८४* | *पुर्वाधार विकास शाखा* | *गा. पा. अध्यक्ष, प्र. प्र. अ, जनप्रतिनिधि,* | |

## ९. सुझाव र सिफारिसहरू

- विपद् व्यवस्थापन योजना लाई अध्यावधिक गरी कार्यान्वयनमा ल्याउने ।
- प्रत्येक वार्डमा आपतकालीन सामग्री भण्डारण केन्द्र स्थापना र सूचीकरण गर्ने ।
- प्रमुख विपद् क्षेत्रहरूमा चेतावनी प्रणाली साइरन को व्यवस्था गर्ने ।
- स्वयंसेवक र सूचकहरूको लागि आवश्यक तालिम आयोजना गर्ने।
- विपद् व्यवस्थापन कोष (**Disaster Management Fund**) को दिगो स्रोत व्यवस्था गर्ने।
- भौगोलिक सूचना प्रणाली (**GIS**) प्रयोग गरेर विस्तृत जोखिम नक्सा तयार गर्ने र सार्वजनिक गर्ने।
- विद्यालय पाठ्यक्रममा विपद् व्यवस्थापन समावेश गराउने
- विपद् जोखिम न्यूनीकरणलाई समेटेर स्थानीय विकास योजनाहरू निर्माण गर्ने।
- हरित पूर्वाधार (**Green Infrastructure**) र जैविक विधिबाट जोखिम न्यूनीकरण (**Bio-engineering**) लगायतका दिगो उपायहरू कार्यान्वयन गर्ने।
- निजी क्षेत्रलाई विपद् व्यवस्थापनमा साझेदारीका लागि प्रोत्साहन दिने ।
- आधुनिक प्रविधि मैत्री चेतावनी प्रणालीको सुदृढीकरण गर्ने।
-भवन निर्माण संहितालाई कडाइका साथ लागु गर्ने

## १०.निष्कर्ष

पूर्वी चौकी गाउँपालिकामा विपद् पूर्व तयारीको आधारभूत ढाँचा रहेको छ तर यसलाई प्रभावकारी, समावेशी र दिगो बनाउन आवश्यक संसाधन, क्षमता निर्माण र संस्थागत प्रतिबद्धता आवश्यकता छ।यस प्रतिवेदनमा प्रस्तुत सुझावहरूको कार्यान्वयनले गाउँपालिकालाई विपद् प्रतिरोधी र सुन्दर समाज निर्माण गर्न महत्त्वपूर्ण योगदान दिनेछ।

## **११.स्वीकृति** (Acknowledgements)

"पूर्वी चौकी गाउँपालिकामा विपद् पूर्व तयारीको अवस्था" शीर्षकको अनुसन्धानमूलक प्रतिवेदन तयार पार्न सहयोग र सहकार्य पुर्याउनुभएका सबै व्यक्ति, संस्था, निकाय र समुदायका प्रतिनिधिहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यस अध्ययनको आधारभूत तथ्याङ्क सङ्कलन र विश्लेषण सम्भव बनाउन पूर्वी चौकी गाउँपालिका कार्यपालिका को सहयोग एवं अनुमति अमूल्य थियो। विशेष गरी, गाउँपालिका अध्यक्ष श्री राम प्रसाद उपाध्याय , प्रमुख प्रशासकीय अधिकृत श्री देवीप्रसाद जोशी, विपद् व्यवस्थापन फोकल व्यक्ति श्री लक्ष्मण बहादुर खड्का र विपद् सहजकर्ता श्री बिष्णु बि. क. ले समय निकालेर महत्त्वपूर्ण जानकारी र कागजात उपलब्ध गर्नुभयो। हामी वार्ड अध्यक्षहरू र कार्यपालिकाका सदस्यहरूप्रति पनि ऋणी छौं, जसले आफ्नो व्यस्तता बीच हाम्रो क्षेत्र भ्रमणलाई सहज बनाउनु भयो र सामुदायिक सदस्यहरूसँग सम्पर्क स्थापित गर्न मार्गदर्शन गर्नुभयो। यो प्रतिवेदनको जीवन्तता स्थानीय समुदायका बहुमूल्य सूचनादाताहरू को योगदान बिना असम्भव थियो। अन्त्यमा, यस अध्ययनलाई सञ्चालन गर्न अनुमति दिनुभएकोमा केन्द्रीय तथा प्रदेश सरकार का सम्बन्धित निकायहरू र यस प्रतिवेदनको तथ्याङ्क विश्लेषण र लेखनमा सहयोग पुर्याउने सल्लाहकार तथा अनुसन्धान सहयोगीहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छौं। तपाईंहरू सबैको सहयोग र मार्गदर्शनबिना यो प्रतिवेदन यस रूपमा सिद्ध हुन सम्भव नथियो। यस कार्यको सफलता तपाईंहरूसँगको साझेदारीको नै परिणाम हो ।

धन्यवाद ।

**सहभागीहरुः**

मोहन सिंह भाट सि.अ.हे.व. छैटौँ मेलौली न.पा. बैतडी

सुरेश बहादुर पाल अधिकृत छैटौँ इन्जिनियर बडीकेदार गा.पा. डोटी

जानकी कुंवर अधिकृत छैटौँ इन्जिनियर लम्कीचुहा न.पा. कैलाली

खेमराज अवस्थी प्रशासन अधिकृत छैटौँ अमरगढी न.पा. डडेल्धुरा

राजु खड्का सि.अ.न.मी. छैटौँ पुर्वीचौकी गा.पा. डोटी

देबी बहादुर बुढा सि.अ.हे.व. छैटौँ मेल्लेख गा.पा. अछाम

# १२.अनुसुचिहरु

## अनुसुचि१ अनुसन्धानमा प्रयोग गरिएको प्रश्नावली (Questionnaire)
## जनप्रतिनिधि लक्षित प्रश्नावलि

विपद् पुर्वतयारी नीतिगत

**भाग क नीति तथा कानुनी व्यवस्था**

१ गाउँपालिकामा विपद्.व्यवस्थापनसम्बन्धी ऐनकार्यविधि औपचारिक रूपमा स्वीकृत छ/नीति/ ?

☐ छ ☐ आंशिक छ ☐ छैन ☐ थाहा छैन

२ नीति तथा कार्यविधिहरू व्यवहारमा कत्तिको कार्यान्वयन भएका छन्.?

☐ राम्रो ☐ मध्यम ☐ कमजोर ☐ थाहा छैन

३) नीति निर्माण गर्दा जोखिम विश्लेषण.**Risk Assessment)** को प्रयोग गरिएको छ **?**

☐ सधैं ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

४विपद् व्यवस्थापन नीति कति बेला अद्यावधिक गरिन्छ. **?**

☐ नियमित ☐ (वर्षभित्र ५) कहिलेकाहीँ ☐ कहिल्यै हुँदैन ☐ थाहा छैन

५ बारे कत्तिको जानकारी छ (भुकम्प प्रतिरोधि घर) तपाईंलाई भवन आचार संहिता.**?**

☐ राम्रो ☐ केही ☐ न्यून ☐ छैन

६विपद् कोष संचालन तथा व्यवस्थापन कार्यविधि बारे कतिको जानकारी छ।.

☐ राम्रो ☐ केही ☐ न्यून ☐ छैन

## भाग ख योजना तथा पूर्वतयारी

१गाउँपालिकामा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना. हाल अद्यावधिक अवस्थामा छ **?**

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२आवधिक योजनामा विपद् पूर्वतयारीलाई कत्तिको प्राथमिकता दिइएको छ/गाउँपालिकाको वार्षिक. **?**

☐ धेरै ☐ मध्यम ☐ कम ☐ छैन

३गाउँपालिकामा आपतकालीन कार्ययोजना. छ **?**

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४) प्रभावकारी पूर्वसूचना प्रणाली .**SMS,** साइरन**,** सूचनासञ्चालनमा छ ( **?**

☐ राम्रोसँग ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५) विपद् सम्बन्धी अभ्यास.**Mock Drill / Simulation)** नियमित रूपमा गरिन्छ **?**

☐ नियमित ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

## भाग ग  बजेट तथा स्रोत व्यवस्थापन

१वार्षिक बजेटमा विपद् पूर्वतयारीका . लागि छुट्टै बजेट शीर्षक छ ?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२उपलब्ध बजेट पूर्वतयारीका लागि पर्याप्त छ . ?

☐ पर्याप्त ☐ केही हदसम्म ☐ पर्याप्त छैन ☐ थाहा छैन

३बजेट खर्च गर्दा प्राथमिकता कुन चरणमा बढी हुन्छ . ?

☐ पूर्वतयारी ☐ उद्धार☐ राहत/ पुनर्निर्माण ☐ थाहा छैन

४उपकरण उपलब्ध छन्/गाउँपालिकासँग आवश्यक उद्धार सामग्री . ?

☐ पर्याप्त ☐ सीमित ☐ छैन ☐ थाहा छैन

५ प्राप्त  दक्ष मानव स्रोत उपलब्ध छन् विपद् व्यवस्थापनका लागि तालिम.?

☐ पर्याप्त ☐ केही ☐ छैन ☐ थाहा छैन

## भाग घ  संस्थागत समन्वय र क्षमता

१गाउँपालिका विपद् व्यवस्थापन समिति कत्तिको सक्रिय छ. ?

☐ धेरै सक्रिय ☐ आंशिक ☐ निष्क्रिय ☐ थाहा छैन

२वडा समिति र गाउँपालिकाबीच समन्वय कस्तो छ. ?

☐ राम्रो ☐ मध्यम ☐ कमजोर ☐ थाहा छैन

३सुरक्षा निकायसँग पूर्वतयारीमा समन्वय छ/प्रहरी. ?

☐ नियमित ☐ कहिलेकाहीँ ☐ छैन ☐ थाहा छैन

४.**NGO/INGO** वा अन्य साझेदार संस्थासँग सहकार्य छ ?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५सधै हुन्छ जनप्रतिनिधि तथा कर्मचारीहरू विपद् व्यवस्थापनको तयारीमा. ?

☐ नियमित ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

६आपतकालीन कार्यसंचालन केन्द्र संचालनमा छ।.

☐ नियमित ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

## भाग ङ  समावशिता   GESI

१योजनामा महिला/विपद् सम्बन्धी नीति., अपाङ्ग व्यक्ति, वृद्धको आवश्यकता समेटिएको छ ?

☐ राम्रोसँग ☐ आंशिक ☐ समेटिएको छैन ☐ थाहा छैन

२ विपद् व्यवस्थापन समितिमा महिलाको सहभागिता.कत्तिको छ ?

☐ पर्याप्त ☐ कम ☐ छैन ☐ थाहा छैन

३आश्रय) संवेदनशील समूहका लागि विशेष व्यवस्था., सूचना, राहतछ ( ?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४अपाङ्गमैत्री) छ विपद् सूचना सबै समूहसम्म पहुँचयोग्य., भाषा(

☐ पूर्ण ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५बालबालिका., किशोरकिशोरी र महिला सदस्यहरूको सहभागिता कस्तो छ

☐ पूर्ण ☐ आंशिक ☐ छैन ☐ थाहा छै

## भाग च पूर्वसूचना, संचार तालिम र अभ्यास

१ गाउँपालिकामा प्रभावकारी पूर्वसूचना प्रणाली छ.?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२ समुदायका लागि तालिम हुन्छ/कर्मचारी/जनप्रतिनिधि.?

☐ नियमित ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

३अभ्यास गरिएको छ / मोक ड्रिल.?

☐ नियमित ☐ कहिलेकाहीँ ☐ हुँदैन ☐ थाहा छैन

४तपाईंको संस्थामा आपतकालीन सम्पर्क सूची तयार छ कि छैन.?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५चेतावनी समुदायसम्म पुऱ्याउने स्पष्ट/आपतकालीन सन्देश. प्रणाली छ कि छैन?

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

## कार्यान्वयन पक्ष कर्मचारी लक्षित प्रश्नावली

## खण्ड प्रणालीको उपस्थिति र पहुँच

१पालिकामा पूर्वसूचना प्रणाली उपलब्ध छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२ समुदायसम्म/पूर्वसूचना प्रणाली सबै वडामा.पहुँचयोग्य छ।

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

३महिला) विशेष आवश्यकता भएका समुह., बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिककालागि पूर्वसूचना पहुँच योग्य छ। (

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४सूचना प्रणाली नियमित रूपमा अपडेट हुन्छ।.

☐ हुन्छ ☐ आंशिक ☐ हुदैन ☐ थाहा छैन

५सू.चना प्रणालीको माध्यम **SMS,** रेडियो, भेला, टोल इत्यादिसबै समुदायले बुझ्ने योग्य छ।

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

**खण्ड ख  सूचना प्रभावकारिता र समयमै प्रतिक्रिया**

१पूर्वसूचना प्राप्त भएपछि समुदायले तत्काल कदम चाल्ने क्षमता छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२सूचना प्रणालीले विपद् जोखिमको चेतावनी समयमै पुऱ्याउँछ।..

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

३सूचना प्रणालीको चेतावनी बुझ्न सजिलो छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४/पूर्वसूचना प्रणालीले समुदायको सचेतना.**Preparedness** बढाउँछ।

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

**खण्ड  ग  टोलीको क्षमता/कर्मचारी**

१वडा टोली पूर्वसूचना प्रणाली सञ्चालनमा प्रशिक्षित छन्।/कर्मचारी.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२समाचार पठाउन सक्षम छन्।/समन्वय/सञ्झ्याल टोलीले आपतकालीन/कर्मचारी.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

३ टोलीले/कर्मचारी.पूर्व सूचना प्रणाली नियमित जाँचड्रिल गर्छन्।/

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४कुनै कर्मचारीलाई विपद सम्पर्क व्यक्ति तोकिएको स्पष्ट थाह छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

## खण्ड घ   समावेशीकरण र समुदाय संलग्नता

१सूचना प्रणाली .,सबै सञ्चार माध्यम   **SMS,** रेडियो, टोल सूचना, भेलासही रूपमा सञ्चालन हुन्छन्।

☐ हुन्नछ ☐ आंशिक ☐ हुदैन ☐ थाहा छैन

२सुझाव समावेश हुन्छ।/पूर्व सूचना प्रणालीमा समुदायको सल्लाह.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

३समुदायमा सूचना प्रणाली र चेतावनी प्रणालीको बारेमा जनचेतना कार्यक्रम हुन्छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४महिला समूह पूर्व सूचना प्रणाली प्रयोग गर्न सक्ने सक्षम छन्।/युवा/बालबालिका.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५असमान पहुँच छैन।/समुदायमा सूचना प्रणाली प्रयोग गर्दा भेदभाव.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

## खण्ड  ङ कार्यान्वयन र संचाल

१पूर्वसूचना प्रणालीको सूचनाहरू आपतकालिन कार्य संचालन केन्द्र बाट संचालन भएको छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२समुदायमा समान रूपमा पहुँच पुऱ्याउँछ।/चेतावनी प्रणालीले सबै वडामा/सूचना .

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

३ पूर्वसूचना प्रणाली .सञ्चालनको नियमित निगरानीमुल्याङ्कन हुन्छ।/

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

४विपद् व्यवस्थापन सम्बन्धि अलग्गै शाखाको रुपमा संचालनमा रहेको छ। .

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

५विपद् व्यवस्थापन कोष सक्रिय रुपमा संचालनमा रहेको छ।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

**खण्ड  च  चुनौति ,सुधार र निगरानी**

१पूर्व सूचना प्रणालीको सञ्चालनमा प्रमुख चुनौतीहरू स्पष्ट छन्।.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

२निगरानी र अपडेट नियमित गर्छ।/पालिकाले प्रणालीको सुधार.

☐ छ ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

## विश्लेषण का लागि खुला प्रश्नहरू

## १.  जोखिम र सन्दर्भ   Risk & Context

- **A.** तपाईँको पालिकामा मुख्यके हुन्–मुख्य विपद् जोखिमहरू के– ? किन ?
- **B.** विगतका विपद्हरूबाट केकस्ता पाठहरू सिकिएका छन्– ?
- **C.** जोखिममा परेका समुदाय वा क्षेत्रहरू कुनकुन हुन्– ?

## २)  योजना  तथा  नीति   Planning & Policy

**A.** पालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना कत्तिको प्रभावकारी छ ?

**B.** ती योजनाहरू कसरी कार्यान्वयन भइरहेको छ ?

**C.** नीति र व्यवहारबीच केकस्ता अन्तर देखिन्छन्– ?

## ३) संस्थागत क्षमता **Institutional Capacity**

**A.** विपद् व्यवस्थापनका लागि पालिकामा कस्ता समितिसंरचना छन्/ ?

**B.** ती संरचनाहरू कत्तिको सक्रिय र सक्षम छन् ?

**C.** जनशक्ति, सीप र तालिमको अवस्था कस्तो छ ?

## ४) स्रोत र साधन **Resources & Logistics**

**A.** विपद् पूर्वतयारीका लागि उपलब्ध स्रोत र साधन पर्याप्त छन् कि छैनन्? किन ?

**B.** आपतकालीन सामग्री खाद्य), औषधि, उपकरणको व्यवस्थापन कसरी गरिएको छ (

**C.** बजेट व्यवस्थापनमा केकस्ता चुनौती छन्– ?

## ५) पूर्वसूचना र सञ्चार **Early Warning & Communication**

**A.** विपद् पूर्वसूचना प्रणाली कत्तिको प्रभावकारी छ ?

**B.** सूचना समुदायसम्म कसरी र कति छिटो पुग्छ ?

**C.** सूचना आदानकस्ता समस्या छन्–के प्रदानमा– ?

## ६) समुदायको सहभागिता . **Community Participation**

**A.** समुदाय विपद् पूर्वतयारीमा कत्तिको संलग्न छन् ?

**B.** महिला, बालबालिका, अपांगता भएका व्यक्ति र वृद्धहरूको सहभागिता कस्तो छ ?

**C.** समुदायस्तरमा भएका राम्रो अभ्यासहरू के के छन्–?

## ७ तालिम अभ्यास र सचेत **Training & Awareness**

**A.** विपद् सम्बन्धी तालिम र अभ्यास कति नियमित हुन्छ?

**B.** विद्यालय र समुदायमा सचेतना कार्यक्रम कत्तिको प्रभावकारी छन्?

**C.** तालिमले व्यवहार परिवर्तनमा कस्तो प्रभाव पारेको छ?

## ८ .समन्वय र साझेदारी**Coordination & Partnership**

**A.** पालिका, प्रदेश, संघ र अन्य सरोकारवालाबीच समन्वय कस्तो छ?

**B.** **NGO/INGO** र निजी क्षेत्रको भूमिका कत्तिको उपयोगी छ?

**C.** समन्वयमा देखिएका मुख्य चुनौतीहरू के हुन्?

## ९ अनुगमन सिकाइ र सुधार

**A.** पूर्वतयारी गतिविधिको अनुगमन कसरी गरिन्छ?

**B.** विगतका कमजोरीहरू कसरी सुधार गर्रिंदै छन्?

**C.** भविष्यका लागि केकस्ता सुधार आवश्यक– देख्नुहुन्छ?

## अनुसुची २ अन्तर्वार्ताको सारांश (Interview Transcripts)

पुर्वीचौकी गाउँपालिकामा विपद् व्यवस्थापनको क्षेत्रमा **औपचारिकता को सतह** र **व्यवहारिकता** बीच ठूलो अन्तराल रहेको छ। संस्थागत ढाँचा र समितिको गठन जस्ता औपचारिक तत्वहरू अवस्थित भएता पनि, प्रभावकारी रूपमा सञ्चालन गर्ने आवश्यक स्रोतसाधन, क्षमता र निरन्तरताको गम्भीर अभाव देखिन्छ।

यस अध्ययनले विपद् व्यवस्थापनलाई **परियोजना आधारित** र **घटना केन्द्रित**मानसिकताबाट निस्केर **दिगो विकासको अभिन्न अंग** को रूपमा हेर्न आवश्यकता रहेको संकेत गर्दछ। जसरी स्वास्थ्य र शिक्षा स्थानीय विकासको प्राथमिकता हुनु पर्छ, ठीक त्यसरी नै विपद् जोखिम न्यूनीकरण पनि गाउँपालिकाको योजना, बजेट र कार्यशैलीको केन्द्रमा रहनु पर्छ। यसको लागि विपद्लाई "भाग्यको खेल" को स्थानबाट "व्यवस्थापनयोग्य जोखिम" को रूपमा परिवर्तन गर्ने सोचाईको रूपान्तरणमा जरुरी छ।

अन्तर्वार्ताहरूबाट यो पनि स्पष्ट भएको छ कि **सामुदायिक सहभागिता बिनाको कुनै पनि विपद् योजना सफल हुने सम्भावना छैन ।** युवा, महिला, ज्येष्ठ नागरिक र पिछडिएको समुदायलाई योजना निर्माणदेखि निर्णय प्रक्रियासम्म सार्वभौमिक रूपमा समेट्न सकिएन भने कागजमा राम्रो देखिने योजनाहरू पनि व्यवहारमा असफल हुने प्राय निश्चित छ। सामुदायिक स्तरमा रहेको परम्परागत ज्ञान र अनुभवलाई आधुनिक प्रविधि र विज्ञानसंग एकिकृत गर्न सक्ने नीति को आवश्यकता रहेको छ।

यसका साथै, **"एकीकृत दृष्टिकोण"** को अभावले गर्दा विपद् व्यवस्थापन अलग्गै कार्यक्रमको रूपमा सीमित भएको देखिन्छ। यसलाई पाठ्यक्रम, स्थानीय आर्थिक विकास योजना, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र पुँजी निर्माण जस्ता विविध क्षेत्रसंग जोडेर हेर्नुपर्ने आवश्यकता छ। विपद्ले गर्दा सबैभन्दा बढी प्रभावित हुने गरिबी रेखामुनि रहेका परिवारहरूको लागि विपद् व्यवस्थापन भनेको गरिबी निवारणको एउटा महत्वपूरण रणनीति नै हो।

अन्त्यमा, निष्कर्षतः भन्नुपर्दा, पुर्वीचौकी गाउँपालिकामा विपद् प्रतिरोधात्मक समाज निर्माणको आधारशिला राख्ने ऐतिहासिक अवसर रहेको छ। तर यसका लागि **नयाँ सोच, दृढ़ राजनीतिक इच्छाशक्ति, रुपान्तरकारी नेतृत्व र सामुदाय**को समन्वय आवश्यक छ। विपद् पूर्व तयारी भनेको केवल राहत सामग्री भण्डारण मात्र होइन, सामुदायिक एकता, स्थानीय ज्ञान प्रणाली र वैज्ञानिक अभ्यासलाई संयोजन गर्दै दिगो भविष्यको निर्माण गर्ने सामूहिक प्रतिबद्धता पनि हो।

**अनुसुची ३ तथ्याङ्क – योजना,निति तथा कार्यक्रम तथा बजेट, पोटल को सफ्टकपी, समितिको निणर्य पुस्तिका, विभिन्न शाखागत प्रतिवेदन ।**

पुर्वीचौकी गाउँपालिकाको कार्यालय
[illegible]डोटी
[illegible]२०८०।८१

विपद् न्युनिकरण सम्वन्धि कार्यको विवरण

| सि. न. | कृयाकलापहरु | हाल रहेको/प्रगति विवरण |
|---|---|---|
| १ | विपद् व्यवस्थापन कोषमा मौज्दात रकम रु | २०१९७२१ |
| २ | विपद् उद्धार तथा प्रतिकार्य सहित व्यवस्थापनको लागि सामग्री व्वयवस्थापन | हेलमेटः४वटा, |
| | | लाईफ ज्याकेटः५ वटा |
| | | स्टेचरः७ वटा, |
| | | एम्बुलेन्स १ वटा |
| | | वुटः५ वटा, |
| | | माईकः३ वटा |
| ३ | जनशक्ति विकास तथा क्षमता विकास समेतका विभिन्न क्षेत्रमा भएका कार्यहरुको विवरण | १ गाउँपालिकाको विपद न्युनिकरण सम्वन्धी प्रति कार्य योजना निर्माणका लागि अभिमुखीकरण कार्यक्रम संचालन । |
| | | २ नेपाल रेडक्रस सोसाईटीको सहयोगमा विपद् न्युनिकरण सम्वन्धि क्षमता अभिवृद्धि तालिम संचालन |

तयार गर्ने
लक्ष्मण वहादुर खडका
फोकल पर्सन

स्वीकृत गर्ने
पितानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत

*पितानाथ लुइटेल*
*प्रमुख प्रशासकीय अधिकत*

**२०७९ सालमा गएको भुकम्पको संक्षिप्त विवरण**

| वडा नं | पुर्ण क्षतिघर | आशिकं चर्केको | चर्केको स्कुलहरु | जम्मा | मृत्यु भएका |
|---|---|---|---|---|---|
| १ | ० | ९१ | २ | ९३ | ० |
| २ | ४ | १७५ | २ | १८१ | ० |
| ३ | २६ | ३५० | ४ | ३८० | ६ |
| ४ | २० | ४४५ | ४ | ४६९ | ० |
| ५ | ८ | ५२३ | ५ | ५३६ | ० |
| ६ | २६ | २०१ | २ | २२९ | ० |
| ७ | १० | १०१ | ३ | ११४ | ० |
| जम्मा | ९४ | १८८६ | २२ | २००२ | ६ |

समग्र विपद् व्यवस्थापन सूचना खोज तथा उद्धार बिषयगत क्षेत्रका सदस्यहरुको विवरण

| सिन | कार्यालय | प्रमुख सम्पर्क व्यक्ती | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कार्यपालिका स्थानिय गा . अध्यक्ष.पा | श्री राम प्रसाद उपाध्याय | ९८५१२५५३०० |
| २ | गा. पा.उपाअध्यक्ष | श्री पशुपति खड्का | ९८४८४०६९३२ |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री देव प्रसाद जोशी | ९८४८४९४५९८ |
| ४ | अधिकृत छैटौं | श्री गगन भणडारी | ९८४८४९४५९८ |
| ५ | वतावरण तथा विपद् व्यवस्था शाखा प्रतिनिधि | श्री लक्ष्मण बहादुर खड्का | ९८४३७४०४१४ |
| ६ | ईलाकाप्रहरी कार्यालय प्रतिनिधि | श्री नैन सिह भाट | ९८४८५८३८४२ |
| ७ | उधोग बाणिज्य संघ प्रतिनिधि | श्री ईन्द्रा देवि साउद | ९७४६२४०४३० |
| ८ | बजार व्यवस्थापन प्रतिनिधि | श्री जगदिश खड्का | ९८४८६५५१८२ |
| ९ | रेडक्रस उपशाखा प्रतिनिधि | श्री थिर बखड्का . | ९८४८६४१३७४ |

## १ नं. वडा अन्तरगत विपद् सूचकहरुको नामावली

| क्र.स. | नाम थर | सम्पर्क नं | ठेगाना/पालिका/टोल | कैफियत |
|---|---|---|---|---|
| १ | [illegible] बहादुर खड्का | 98407178[illegible]1 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| २ | [illegible] देवी [illegible] | 9742370590 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| ३ | [illegible] बहादुर खड्का | 9862272166 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| ४ | [illegible] देवी सिर्मौल | 9868728556 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| ५ | [illegible] बहादुर खड्का | 9848434672 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| ६ | पूर्ण बहादुर खड्का | 9848647042 | पु.गा.पा १ छेप्लाडी | |
| ७ | [illegible] बहादुर सिर्मौल | 9848420247 | पूर्विचौकी गाँउपालिका, १ सिर्मौलगाँउ डोटी | |
| ८ | देवराज पन्त | 9868811084 | पु.गा.पा १ बल्डाँगा, खिरसैन | |
| ९ | [illegible] बहादुर खड्का | 9848479132 | पूर्विचौकी गाँउपालिका, १ तल्लोफुलोट डोटी | |
| १० | कृष्ण बहादुर खड्का | 9848409732 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| ११ | दिनेश खड्का | 9865639192 | पूर्विचौकी गाँउपालिका, १ मैराघर डोटी | |
| १२ | करन खड्का | 9848393521 | पूर्विचौकी गाँउपालिका, १ मौराठगाँउ | |
| १३ | केशव राज उपाध्याय | 9868584685 | पूर्विचौकी गाँउपालिका, १ छेप्लाडी डोटी | |
| १४ | राम बहादुर खड्का | 9848549227 | पु.गा.पा १ छेप्लाडी | |
| १५ | महेन्द्र बहादुर खड्का | 9848655055 | पूर्विचौकी गाँउपालिका, १ मैराघर डोटी | |
| १६ | डम्मर सिं डाँडी | 9848694561 | पूर्विचौकी गाँउपालिका, १ डाँडीगाँउ | |
| १७ | पार्वती देवी सिर्मौल | 9848694566 | पूर्विचौकी गाँउपालिका, १ मौराठगाँउ | |
| १८ | प्रेम सिं नेपाली | 9848474881 | पूर्विचौकी गाँउपालिका, १ मैराघर डोटी | |
| १९ | गणेश बहादुर खड्का | 9848655524 | पूर्विचौकी गाँउपालिका, १ बयालडाँडा | |
| २० | मकर बहादुर खड्का | 9865719657 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| २१ | निर्मला सिर्मौल | 9767444491 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| २२ | महेश खड्का | 9847532281 | पूर्विचौकी गाँउपालिका, १ तल्लोफुलोट डोटी | |
| २३ | अमृता सिर्मौल | 9865739163 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| २४ | केशव खड्का | 9863300023 | पूर्विचौकी गाँउपालिका, १ डोटी | |
| २५ | [illegible] खड्का | 98484745[illegible] | पूर्विचौकी गाँउपालिका, १ डोटी | |

**अनुसुची ४ जोखिम नक्सा** (Draft Hazard Map)



**अनुसुची ५ सहभागीहरुको विवरण**

| क्र.स. | नाम | पद | कार्यलय | मोबाइल न. |
|---|---|---|---|---|
| १ | मोहन सिंह भाट | सि.अ.हे.व. छैटौँ | मेलौली न.पा. बैतडी | ९८४८९०४०२० |
| २ | सुरेश बहादुर पाल | अधिकृत छैटौँ इन्जिनियर | बडीकेदार गा.पा. डोटी | ९८४८८३४८०२ |
| ३ | जानकी कुंवर | अधिकृत छैटौँ इन्जिनियर | लम्कीचुहा न.पा. कैलाली | ९८६६१०९५६८ |
| ४ | खेमराज अवस्थी | प्रशासन अधिकृत छैटौँ | अमरगढी न.पा. डडेल्धुरा | ९८४८७५९२०८ |
| ५ | राजु खड्का | सि.अ.न.मी. छैटौँ | पुर्वीचौकी गा.पा. डोटी | ९८४८४७४९५५ |
| ६ | देबी बहादुर बुढा | सि.अ.हे.व. छैटौँ | मेल्लेख गा.पा. अछाम | ९८६८५४३९८४ |

**अनुसुची ६ सन्दर्भ सामग्री (**References)


- राष्ट्रिय विपद् व्यवस्थापन ऐन, २०७५
- **https://purbichaukimun.gov.np**
- बिपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन, २०७९
- आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन  कार्यविधि
- आपतकालिन बालकोष सञ्चालन कार्यविधि
- विपद् कोष सञ्चालन तथा व्यवस्थापन नियमावली
- एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि
- पूर्वीचौकी गाउँपालिका वार्षिक प्रतिवेदन

## अनुसुची ७ फोटोहरु






पालिका को जनप्रतिनिधिसहित को फोटो




समुदायिक स्तरका विपद् व्यवस्थापन समितिका भवनहरु,साईरन




पुर्वीचौकि गाउँपालिका स्थलगत भ्रमण मा गएको समुह